कृषि तथा वनविज्ञान विश्वविद्यालय
पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन ०५६ ५९२१३१
फ्याक्स ०५६ ५२६०१४

मिति: २०७१।६।२६

# बि.भि.एस्सी. एण्ड ए.एच. र बि.एस्सी. फिसरीजमा विद्यार्थी भर्ना सम्वन्धि सूचना

शैक्षिक वर्ष २०७१/७२ को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवनमा संचालन हुने पशु चिकित्सा (B.V.Sc. & A.H.) र मत्स्य विज्ञान (B.Sc. Fisheries) स्नातक तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन फारम साथ आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्र, लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति संलग्न गर्नु पर्नेछ । साथै, अन्य विश्वविद्यालय वा संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समान स्तर निर्धारणको प्रमाण र मुल प्रमाणपत्र (Certificate) वा अस्थाई प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१. **आवश्यक न्युनतम शैक्षिक योग्यता:** एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण भई आई. एस्सी. (विज्ञान वा कृषि) वा १०+२ (विज्ञान वा कृषि/पशु विज्ञान) तहमा कम्तीमा १०० पुर्णाङ्कको अंग्रेजी, बायोलोजि र कम्तिमा ५० पुर्णाङ्कको गणित, फिजिक्स र केमेस्ट्री विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% (पचास प्रतिशत) अङ्क प्राप्त गरी उत्तीर्ण भएको हुनु पर्नेछ ।

२. आवेदन फारम शुल्क रु ५००। (पाँचसय) मात्र लाग्ने छ ।

३. प्रवेश परीक्षा शुल्क रु १,५००। (एकहजार पाँचसय) मात्र लाग्ने छ ।

४. **आवेदन फारम वितरण गरिने मिति र स्थान:** २०७१ असोज २६ गते देखि मंसिर १ गते सम्म पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, डीनको कार्यालय, रामपुर, केन्द्रीय कार्यालय, भरतपुर तथा सम्पर्क कार्यालय, मिन भवन, काठमाण्डौंबाट कार्यालय समय भित्र (विदाको दिन बाहेक) फारम लिन र बुझाउन सकिनेछ । तर मिति २०७१ मंसिर २ गते देखि २०७१ मंसिर ८ गते सम्म कार्यालय समय भित्र (विदाको दिन बाहेक) प्रवेश परीक्षा शुल्कको दोब्बर शुल्क तिरी डीनको कार्यालय, रामपुरवाट मात्र आवेदन फारम लिन र बुझाउन सकिनेछ ।

   यस विश्वविद्यालयको वेभसाइट www.afu.edu.np वाट आवेदन फारम Download गर्न सकिनेछ । त्यस्ता आवेदन फारम वापत नियमानुसार लाग्ने शुल्क यस पशु विज्ञान, पशुचिकित्सा र मत्स्य विज्ञान संकाय, डीन कार्यालयको नेपाल बैक लि. को खाता नं. २४-११-१५४४४ मा रकम जम्मा गरेको सक्कल भौचर फारम दर्ता गर्ने समयमा बुझाउनुपर्नेछ ।

५. संग्लन हुनु पर्ने आवश्यक कागजात अपुग भएको वा हुलाकबाट पठाइएको वा तोकिएको ठाँउ बाहेक अन्य ठाँउमा दर्ता गरिएको वा बुझाइएको वा अन्य माध्यमबाट पठाईएको आवेदन फारम उपर कुनै कार्वाही गरिने छैन ।

६. दुईवटै कार्यक्रममा आवेदन दिन चाहनेले छुट्टा छुट्टै फारम भर्नु पर्नेछ।

७. **प्रवेश परीक्षा हुने मिति र स्थान** : २०७१ मंसिर १९ गते विहान ११ बजे पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय, डीनको कार्यालय, रामपुर, चितवन ।

८. **भर्ना सम्वन्धि तालिका:**

क) भर्नाको लागि २०७१।८।२१ गते मेरिट कोटाको प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले २०७१।८।२४ गते कार्यालय समय भित्र भर्ना भई सक्नु पर्नेछ ।

ख) स्थान खाली रहन आएमा २०७१।८।२५ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७१।८।२६ गते भित्र कार्यालय समयमा भर्ना भई सक्नु पर्नेछ ।

ग) स्थान खाली रहन आएमा २०७१।८।२८ गते तेश्रो नामावली प्रकाशित गरिनेछ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०७१।८।२९ गते कार्यालय समयमा भर्ना भई सक्नु पर्नेछ ।

९. **भर्नाको आधार**: प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८०%, प्रमाण पत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सो को आधारमा योग्यता क्रमको सुची तयार गरी योग्यता क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तिर्णाङ्क ५०% हुनेछ ।

१०. प्रमाणपत्र तह पाठयक्रमबाट निम्न विषयहरु प्रवेश परीक्षाको प्रश्न पत्रमा समावेश गरिनेछ र सवै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ ।
क) अंग्रजी – १२ ख) केमेस्ट्री – १२ ग) फिजिक्स – १२ घ) वोटनी – १२
ङ) जूलोजी – १२ च) गणित - १२ र छ) सामान्य ज्ञान – ८
प्रबेश परीक्षामा ८० वटा प्रश्नहरु हुनेछन् जसको लागि १ घण्टाको समय दिइनेछ ।

११. विश्वविद्यालय विकास शुल्क UDF अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढांचामा नियमानुसार २०७१।८।२८ देखि २०७१।९।२ गते सम्म आवेदन दिनु पर्नेछ । साथै त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यता क्रमको आधारमा भर्ना लिइनेछ । UDF कोटामा वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरीजमा भर्ना हुनको लागि क्रमश रु. २,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार) र रु. १,५०,०००।- (अक्षरुपी एक लाख पचास हजार) लाग्नेछ र सो रकम दुई किस्तामा बुझाउन सकिनेछ ।

१२. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, सहिद परिवार, द्वन्द्व पीडित, स्टाफ र पाँच विकास क्षेत्रका विद्यार्थीहरुको लागि केही सिट छुट्याइएको छ । पाँच विकास क्षेत्रको क्षेत्रिय कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयबाट एस.एल.सी. परीक्षा उर्तीण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुंदा उक्त कोटामा भर्ना पाउन इच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्वन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिसपत्र आवेदन फारममा संलग्न गर्नु पर्नेछ । अन्यथा त्यस्ता आवेदन फारम उपर कुनै कार्वाही हुने छैन् । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा मात्र अन्य विद्यार्थीहरुलाई मेरिट योग्यताक्रमको आधारमा निर्धारित कोटामा भर्ना लिइने छ । छात्रा कोटा र क्षेत्रिय कोटा बाहेक अन्य कोटामा भर्ना हुन ईच्छुकहरुले प्रवेश परीक्षा उत्तीर्ण हुने मध्ये वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरीज तहको लागि २०७१।८।२८ गते देखि २०७१।९।२ गते सम्म कार्यालय समय भित्र

निम्नानुसारको कोटाको लागि निम्नानुसारको निकायको प्रमाण सहितको तोकिएको अवधि र ढांचामा नियमानुसार आवेदन दिनु पर्नेछ । उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिइने छ :

क) दलित कोटा: राष्ट्रिय दलित आयोग

ख) मधेशी कोटा: सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय

ग) जनजातीकोटा: आदिवासी जनजाती राष्ट्रिय महासंघ

घ) अपाङ्ग कोटा: बालवालिका, महिला तथा समाज कल्याण मन्त्रालय

ङ) शहिद परिवार कोटा: नेपाल सरकार शान्ति मन्त्रालय

च) द्वन्द पिडित परिवार कोटा: नेपाल सरकार शान्ति मन्त्रालय

छ) स्टाफकोटा: सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको (श्रीमान/श्रीमति, छोरा, छोरी) नाता प्रमाणित हुने नागरिकता प्रमाणपत्र

**१३.** वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरीजको लागि क्रमश: ५० र १६ विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग MOU भएका नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद तथा अन्य संघ, संस्थाबाट MOU भए बमोजिम मनोनयन भई आउने मनोनयी व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन । निर्धारित कोटा रिक्त हुन गएमा मेरिट कोटामा समावेश गरिनेछ ।

**कोटा विवरण:**

| विवरण | वि.भि.एस्सी. एण्ड ए.एच. | वि.एस्सी. फिसरीज |
|---|---|---|
| मेरिट | २३ | ६ |
| क्षेत्रिय | ५ | ० |
| दलित | १ | १ |
| जनजाती | १ | ० |
| मधेसी | १ | १ |
| अपाङ्ग | १ | ० |
| सहिद परिवार | १ | १ |
| द्वन्द पीडित | १ | १ |
| छात्रा | २ | १ |
| स्टाफ सहुलियत (अर्ध शुल्क)* | १ | १ |
| स्टाफ (पूर्ण शुल्क)* | १ | ० |
| UDF | १२ | ४ |

*स्टाफ कोटा खाली हुन गएमा UDF मा लगिनेछ ।

कृषि तथा वनविज्ञान विश्वविद्यालय
पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन ०५६ ५९२१३१
फ्याक्स ०५६ ५२६०१४

१४. भर्ना हुनको लागि आवेदन फारममा संलग्न सम्पूर्ण प्रमाणपत्रका प्रतिलिपिहरुको सक्कलै प्रमाण पत्रहरु ल्याउनु पर्नेछ ।

१५. अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाण पत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा Migration Certificate नबुझाई A.F.U. Registration गर्न समस्या भएमा सो को जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१६. सबै विद्यार्थीलाई छात्रावास उपलब्ध गराउन संकाय बाध्य हुने छैन ।

प्रा.डा. ईश्वरी प्रसाद ढकाल
डीन
पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

**नोटः** आवेदन फारम बुझाउदा निम्न लिखित कागजपत्रहरु क्रमबद्ध रुपमा मिलाई बुझाउनु पर्नेछ

क) पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति
ख) नेपाली नागरिकताको प्रमाणपत्र
ग) एस.एल.सी. परीक्षाको लब्धाङ्क प्रमाण पत्र (Transcript)
घ) एस.एल.सी. परीक्षाको चारित्रिक प्रमाण पत्र
ङ) प्रमाणपत्र तहको लब्धाङ्क पत्र (Transcript)
च) प्रमाणपत्र तहको चारित्रिक प्रमाण पत्र
छ) प्रमाणपत्र तहको Provisional Certificate
ज) समानस्तर निर्धारणको प्रमाण पत्र
झ) सक्कल बैंक भौचर
ञ) सम्वन्धित कोटामा भर्ना हुन पाँऊ भन्ने निवेदन (निवेदन यस संकायको डीन कार्यालयबाट उपलब्ध हुनेछ) र सम्वन्धित निकायले सिफारिस गरेको सक्कल सिफारिस पत्र ।

**वेभसाइटः** www.afu.edu.np **सम्पर्क कार्यालयः** पो.व. नं. १३७१२ विनायक, धूर्वमार्ग, मीनभवन, काडठमाण्डौं
फोन नं. :०१-४१०६२४७, फ्याक्स नं. : ०१-४१०६२४८